श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.१८९०

दर्ता मिति :–२०७१।०५।०५

मुद्दा :– केही सार्वजनिक अपराध

निर्णय नं.**७५५**, मिति :–२०७१।०७।१६

| **वादी** | **प्रतिवादी** |
|---|---|
| थानेश्वर काफ्लेको जाहेरीले | छिरिङ्ग लामाको छोरा काठमाण्डौं जिल्ला, काठमाण्डौ |
| **नेपाल सरकार**.......... .........१ | महानगरपालिका वडा नं.४ बस्ने वर्ष ७० को पेम्वा लामा स्याङवो.१ |
| निजको प्रमाण.................................. | निजको प्रमाण |
| साक्षी............................................ | साक्षी .......................................... |
| कागज............................................ | कागज ......................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण..........................................

साक्षी..........................................

कागज ---------------------------

**केही सार्वजनिक ( अपराध र सजाय ) ऐन, २०२७ को दफा ५(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. मिति २०७१/०४/०५ गते अं.१३.०० बजेको समयमा म आफ्नो कानून व्यावसायिक शिलशिलामा स्याङवो डेभलोपर्स प्रा.लि.काठमाण्डौ मल सुन्धाराको अफिसमा कम्पनीको अध्यक्ष श्री होमनाथ लुइटेललाई भेट्न आएकोमा निज का.जि.का.म.न.पा.वडा नं.४ वालुवाटारमा बस्ने पेम्वा लामा स्याङवो पनि त्यही रहेको हुदा मलाई नानाथरी गाली गलौज गरी ज्यान मार्ने सम्मको धाक धम्की दिएको हुदा तत्काल प्रहरीलाई फोन गर्दा भागेकोले निजले कुनै पनि बेला मेरो ज्यान लिन सक्ने भएकोले तत्काल पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउ भन्ने व्यहोराको थानेश्वर काफ्लेले दिएको निवेदनको व्यहोरा ।

२. मिति २०७१/०४/०५ गते अं.१३.०० बजेको समयमा म का.जि.का.म.न.पा.वडा नं.२२ मा नै थियौं । उक्त मिति र समयमा जाहेरवाला काठमाण्डौमा आएका वखत प्रतिवादी पेम्वा लामा स्याङवोले जाहेरवालालाई तथानाम शव्दले गाली गलौज गरी जिउ ज्यानै लिने सम्मको धाकधम्की दिई गएको हामीहरुले देखेका हौ, निज प्रतिवादीलाई हदैसम्मको कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको होमनाथ लुइटेल, कृष्णबहादुर खड्का र सुरेश लुइटेलको सर्जमिन मुचुल्का ।

३. मिसिल संलग्न जाहेरी दरखास्त, घटना विवरण मुचुल्का समेतका कागजातहरुबाट निज प्रतिवादी पेम्वा लामा स्याङवोको उक्त कार्य केही सार्वजनिक (अपराध र सजाय ) ऐन,२०२७ को दफा २ को खण्ड (ग) र (ज) बमोजिमको कसूर अपराध भएकोले निज प्रतिवादी पेम्वा लामा स्याङवोलाई उक्त कसूरमा सोही ऐनको दफा ६(१) बमोजिम सजाय हुन मागदावी लिई पेश भएको अभियोग-पत्र ।

४. *मेरो आफ्नै स्याङवो डेभलपर्स प्रा.लि.को संचालक होमनाथ लुइटेलसँग कम्पनीसँगको विवादको क्रममा रकम जम्मा गर्ने वारे छलफल हुदा अटेर गर्ने अभिप्राय लिएकोले रकम डुव्न गएमा तिम्रो छोरी समाउनेछु मात्र भनेको हुँ म जावो ७० वर्षको बुढोले के पो गर्न सक्थे र* भन्ने समेत व्यहोराको प्रतिवादी पेम्वा लामा स्याङवोले यस कार्यालयमा गरेको वयान ।

६. यस कार्यालयम अभियोग उपर आशिंक रुपमा इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादी पेम्वा लामा स्याङवोले अहिले नै आरोपित कसूर गरेको होइन भन्न सकिने नदेखिएकोले मु.ऐ.अ.बं.को ११८ को देहाय ५ नं. अनुसार रु २,०००।- नगद वा जेथा जमानत राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने मिति २०७१/६/५ को यस कार्यालयको आदेश ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरु अध्ययन गरी प्रहरी प्रतिवेदन र प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी पेम्वा लामा स्याङवोलाई केही सार्वजनिक ( अपराध र सजाय ) ऐन, २०२७ को दफा २ को (ग) र (ज) बमोजिमको कसुरमा ऐ दफा ६(१) बमोजिम सजाय गरी पाउ भन्ने अभियोग मागदावी भएकोमा प्रतिवादीले यस कार्यालय समक्ष गरेको वयानमा कम्पनीसँग विवादको क्रममा रकम डुवेमा तिम्रो घाटी समाउछु सम्म भनेको हुँ भनी खुलाएको देखिन्छ । अभियोग पत्रमा माग दावी लिइएको सार्वजनिक ( अपराध र सजाय ) ऐन, २०२७ को दफा २ को (ग) र (ज) सार्वजनिक स्थानमा अश्लिल, बोली बचन, ईशारा प्रयोग गरी शान्ति भंग गरेको र अश्लिल प्रर्दशन गरेको अवस्थामा मात्र आकर्षित हुने देखिन्छ । तर प्रस्तुत मुद्दाको वारदात स्थल सार्वजनिक स्थान नभई निजी कार्यालय भएको जाहेरी दरखास्तबाट खुल्न आयो । अर्को तर्फ प्रतिवादीको उमेर ७० वर्ष भएको र व्यावसायिक प्रकृति हेर्दा ज्यू ज्यान लिने धम्की नभई जाहेरवाला र प्रतिवादी बीचको व्यावसायिक विवादसम्म देखिन्छ । अतः माथि उल्लेखित कागज प्रमाणहरु केलाउदा प्रथम नजरमा (Prima Facie) नै प्रतिवादीले अभियोग दावी बमोजिम कसूर गरे होलान् भन्ने नलागेकाले अन्य प्रमाण बुझि रहन पर्ने देखएन । प्रतिवादीले अभियोग दावी बमोजिम कसूर गरेको भन्ने तथ्य स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुन सकेन । तसर्थ प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील वमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी पेम्वा लामा स्याङवोले सफाई पाउने ठहरेकोले निजले मुद्दा पूर्पक्षका लागि मिति २०७१।६।५ मा र.नं. ७२७ बाट राखेको धरौटी रकम रु २,०००/- फिर्ता पाँउ भनी ऐनका म्याद भित्र निवेदन दिए प्रस्तुत मुद्दाको अन्तिम किनारा लागे पछि वा पुनरावेदन अवधी नाघे पछि फिर्ता दिनु.......................................१

प्रस्तुत फैसलामा चित्त नबुझे फैसलाको जानकारी पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानुभनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनु.....................................................................................................................................२

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ...........३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .....................................................................................................४

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाए वमोजिम
टिपी कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा
ईति सम्वत २०७१ साल कार्तिक १६ गते रोज १ सूभम्......................

....................................
(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी